# हाम्रो टेम्केमैयुङ

## कक्षा २

### सम्पादक

प्रा.डा. प्रेमकुमार खत्री

प्राज्ञ शशी लुमुम्बू

### लेखक

जिचेन स्याङतान

कविता राई

मिमबहादुर परियार

टेम्केमैयुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

कोशी प्रदेश, नेपाल

# मेरो टेम्केमैयुङ

## कक्षा २


| | |
|---|---|
| प्रकाशक | : टेम्केमैयुङ गाउँपालिका, भोजपुर |
| प्रमुख संरक्षक | : सरोज बस्नेत, गाउँपालिका अध्यक्ष |
| संरक्षक | : रमादेवी राई, गाउँपालिका उपाध्यक्ष |
| प्रमुख सल्लाहकार | : विकेन पौडेल, प्रमुख प्रशासकीय अधिकृत |
| सल्लाहकार | : राजन ढकाल, शिक्षा शाखा प्रमुख |

पाठ्यक्रम निर्माण (लेखन, सम्पादन) कार्यदल :

श्री राजधन राई, संयोजक
श्री राजन राई, सदस्य
श्री पूर्णकुमारी प्रधान, सदस्य
श्री हर्कराज राई, सदस्य
श्री कविता राई, सदस्य

| | |
|---|---|
| लेखन परामर्श | : सभ्यता अन्वेषण केन्द्र, काठमाडौँ |
| सम्पादक | : प्रा.डा. प्रेमकुमार खत्री |
| | प्राज्ञ शशी लुमुम्बू |
| लेखक | : जिचेन स्याङतान |
| | कविता राई |
| | मिमबहादुर परियार |
| भाषा | : माधव नेपाल |
| | रमेश खतिवडा |
| तस्बिर | : शुक्रराज राई |
| | वसन्त मुकारुङ |
| कम्प्युटरकला | : सुमन बान्तावा राई |
| चित्रकला | : विवेक मुकारुङ |
| | विनाम राई |



© प्रकाशकमा सुरक्षित



संस्करण : प्रथम, २०८०

ISBN : 978-9937-1-6120-6

# प्रकाशकीय

स्थानीय पाठ्यक्रमको निर्माण र स्थानीय पाठ्यपुस्तक लेखनकार्य अहिलेको स्थानीय तहका लागि नयाँ विषय हो । यसभन्दा अगाडि यो विषय यसरी ठोस रूपमा आएको थिएन। पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित विभिन्न दिग्दर्शन, निर्देशिका र देशमा सङ्घीयताको अभ्यास भएसँगसँगै यस विषयवस्तुले आफ्नो उपस्थितिलाई बलियो बनाएको देखिन्छ । हुन त नेपालको संविधानको प्रस्तावना र संविधानका धारा तथा उपधारामा शिक्षामा स्थानीय तहको अधिकार रहने कुरा उल्लेख गर्नुका साथै सांस्कृतिक रूपले हाम्रो समाजको विविधताका बारेमा उल्लेख गरिएको छ। पाठ्यक्रम विकास केन्द्रले स्थानीय आवश्यकताका आधारमा पाठ्यक्रम निर्माण गर्न सकिने र सोहीअनुरूप स्थानीय पाठ्यपुस्तक लेख्न पाउने व्यवस्था गरिदिएको छ। हामीले पनि यही नीतिमा आधारित रहेर पाठ्यक्रम निर्माण कार्यदल गठन गरेका थियौँ। उक्त कार्यदलले सरोकारवालाहरूसँगको पटक पटकको अन्तर्क्रियाका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरेको थियो। उक्त पाठ्यक्रमका आधारमा हाम्रा यी पाठ्यपुस्तक बनेका हुन् ।

यात्रा गर्न नक्सा चाहिन्छ। पाठ्यक्रम पनि एउटा नक्सा हो तर नक्सा आफैँले भने यात्रा गर्न सक्दैन। यसका लागि पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो पाठ्यक्रम निर्माण कार्यदलले भूगोल, वातावरण, कृषि, पर्यटन, व्यापार, व्यवसाय, उद्योग, पर्यटन, स्थानीय सिप, कला, प्रविधि, संस्कृति, स्वास्थ्य, पूर्वाधार, खेलकुद आदिलाई समेटेर तहअनुसार विभिन्न कक्षाका लागि विभिन्न विषयवस्तु निर्धारण गर्नुका साथै सोहीअनुरूप विस्तृतीकरण गरेको छ । पाठ्यक्रम निर्माण गर्ने जिम्मा हाम्रै स्थानीय विज्ञहरूलाई सुम्पेका थियौँ भने पाठ्यपुस्तक लेखनका लागि भने स्थानीय विज्ञका साथसाथै स्थानीय पाठ्यपुस्तक लेखनमा राष्ट्रिय स्तरका अनुभवी विज्ञलाई समेटेका छौँ। यसका लागि परामर्श सेवाका खातिर हामीले सभ्यता अन्वेषण केन्द्रको विज्ञतालाई प्रयोग गरेका छौँ। हामीलाई आशा छ, यसरी दुवै प्रकारका विज्ञको प्रयोग गर्दा विषयवस्तु तथा ढाँचागत हिसाबमा समेत यी पाठ्यपुस्तक उत्कृष्ट बनेका छन् । यसका लागि हाम्रा स्थानीय विज्ञ तथा सभ्यता अन्वेषण केन्द्रप्रति हामी हार्दिक आभार प्रकट गर्दछौँ ।

स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखनले सङ्घीयताको मूल मर्मलाई अभिलेखीकरण गर्ने एउटा महत्त्वपूर्ण प्रयास गरेको छ। राजनीतिको अतिरिक्त हाम्रा ज्ञानका अन्य आयाममा समेत हाम्रो व्यवस्थाले ल्याएका विभिन्न पक्ष झल्किनुपर्दछ र यो अनिवार्य पनि छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका कैयौँ विषयवस्तु पनि यही प्रक्रियाबाट समेट्ने प्रयास गरेको देखिन्छ, जुन सुखद कुरा हो। पूर्वाधार विकासमा मात्र लगानी गर्ने परम्परालाई तोड्दै हामीले शिक्षामा विशेष चासो दिएका छौँ। त्यही चासोको परावर्तन नै यहाँको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक हो। हामीलाई यो पनि आशा छ, हाम्रा विद्यार्थी भाइबहिनीहरूले स्थानीय पाठ्यपुस्तककै कारण हाम्रा गाउँ-ठाउँलाई राम्ररी चिन्ने अवसर पाउने छन् र यहाँ नै अनन्त सम्भावना खोज्न प्रयत्न गर्ने छन्। समयक्रममा हाम्रा पाठ्यक्रम तथा पाठ्यपुस्तकले माझिने मौका पाउने छन् भन्नेमा पनि हामी ढुक्क छौँ। यससँगै यस पाठ्यपुस्तकलाई शिक्षकहरूले सोहीबमोजिम प्रयोग गर्नुहुने छ भन्नेमा दुई मत छैन। कुनै चिनियाँ उखानले भनेझैँ सय शिक्षामा गरेको हाम्रो लगानीबाट हाम्रा विद्यार्थी भाइबहिनीहरू लाभान्वित हुने छन् भन्ने विश्वास लिएका छौँ। यस पुस्तकलाई के कसरी प्रयोग गर्ने भन्ने जिम्मा विद्वान् शिक्षक-शिक्षिकाहरूलाई छोड्न चाहन्छौँ । आशा छ, हामीले शिक्षामा गरेको लगानीको प्रतिफल आगामी दिनमा राम्रैसँग देख्न पाइने छ। सम्बन्धित सबैमा धन्यवाद ।

सरोज बस्नेत
अध्यक्ष

# लेखकीय

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरले विभिन्न कालखण्डमा निकालेका दिग्दर्शन र निर्देशिकाका आधारमा निर्मित टेम्केमैयुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रममा आधारित रही केन्द्रको सोही दिग्दर्शन र निर्देशिकाको परिधिभित्र रहेर 'हाम्रो टेम्केमैयुङ' नामक स्थानीय पाठ्यपुस्तक तयार पारिएको छ। हुन त पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यपुस्तकमा के के समेट्न जरुरी छ भनेर विभिन्न समयमा भन्दै र लेख्दै आएको छ। 'स्थानीय पाठ्यक्रमको निर्माण र स्थानीय विषयको पाठ्यपुस्तकसँग स्थानीय आवश्यकतालाई जोड्न अत्यन्त जरुरी छ' भनिएको छ। यो विषय कुनै नौलो विषय पनि होइन। यो सङ्कथन स्थानीय पाठ्यक्रम लागु भएदेखि नै चल्दै आएको र चलिरहेको छ। विभिन्न स्थानीय तहमा यही परम्परालाई अपनाउँदै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार हुँदै आएका छन् र भइरहेका पनि छन्। समयक्रममा तयार भइसकेका पाठ्यक्रमहरू परिमार्जन हुँदै जाने छन् र सोहीअनुरूप स्थानीय पाठ्यपुस्तकमा हेरफेर हुने छ। यो स्वाभाविक प्रक्रिया हो किनभने हाम्रा विषयवस्तु र आवश्यकता सापेक्षित छन्। विषयवस्तु र आवश्यकता सापेक्षित भएपछि पाठ्यक्रम र पाठ्यपुस्तक पनि सापेक्षित हुने नै भए।

टेम्केमैयुङ गाउँपालिकाको पाठ्यपुस्तक तयार पार्दा हामीले एक मात्र मुख्य उद्देश्य राखेका छौँ। त्यो हो– हाम्रा नानीबाबुहरूलाई कसरी असल नागरिक बनाउन सकिन्छ ? धेरैलाई यो पनि लाग्न सक्छ कि यो उद्देश्य अमूर्त भएन र ? यसकारण यसलाई मूर्त र ग्राह्य बनाउन हामीले विभिन्न तौरतरिकाबाट पाठहरूमा काम गरेका छौँ। भौतिक पूर्वाधार निर्माण गर्नु मात्र विकास होइन। ती पूर्वाधारको संरक्षण गर्नु पनि विकास हो। यसका लागि व्यक्ति असल हुन आवश्यक छ। असल नागरिकले मात्र आदर्श परिवार, आदर्श समाज, आदर्श गाउँ र समृद्ध देश बनाउन सक्छ। यसका लागि आफ्नो भूगोल, संस्कृति, प्रकृति, प्रविधि र अर्थ प्रणालीभित्रको सम्भावना र सीमितता थाहा पाउनुपर्छ। देश बनाउन नानीबाबुले आफू को हो भनेर चिन्न जरुरी छ। आफू नचिनीकन परिवार, समाज, गाउँ र देश बनाउन सम्भव छैन। अहिलेको समयमा हाम्रा विद्यार्थी भाइबहिनीमा रहरका प्वाँख राम्रैसँग पलाएको देख्न सक्छौँ। रहरले वा बाध्यताले वा हल्लाकै कारण किन नहोस् उनीहरू बिदेसिने क्रम तीव्र छ। विदेश जानु नराम्रो होइन। यसका विभिन्न आयामहरू होलान्। यस विषयमा छुट्टै बहस हुन सक्छ तर हाम्रो एउटै मात्र चाहना हो, कमसेकम हाम्रा खेतबारी बाँझा नरहुन्। फलफूल पाकेर कुहिएर झर्दै गरेको दृश्य देख्न नपरोस्। विदेशी भूमिमा सिकेको सिप हाम्रो आफ्नै ठाउँमा प्रयोग होस् किनभने हामीलाई थाहा छ, कुनै पनि देश आफैँ बन्दैन। त्यसका लागि त्यस देशका नागरिकको महत्त्वपूर्ण भूमिका रहन्छ।

काम सानो-ठुलो हुन्न भनेर सिक्नु, ठुलोभन्दा पनि असल हुनु, आफ्नो काम सकेसम्म आफैँले गर्नु, आफूलाई मात्र होइन परिवार, समाज, गाउँ, देशलाई माया गर्नु, सिपमूलक तथा व्यावहारिक हुनु, स्वावलम्बी हुनु, आफू वरपरको वातावरणलाई स्वच्छ र सफा राख्नु, जीवजन्तु र बोटबिरुवालाई माया गर्नु यी सबै विषय असल नागरिकको कर्तव्यभित्र पर्दछ। उत्कृष्ट अङ्क ल्याउनु मात्र शिक्षा होइन। शिक्षाको मूल ध्येय हो, व्यवहारमा परिवर्तन, अरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन र हाम्रो व्यावहारिक जीवनलाई सहज बनाउने एउटा प्रयास। हामीलाई विश्वास छ, टेम्केमैयुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तयार पार्ने क्रममा हामीले माथि उल्लिखित विषयलाई विभिन्न तरिकाले समेट्न भरपुर प्रयास गरेका छौँ। विषयवस्तुलाई समेट्ने क्रममा विषयवस्तुलाई पस्कन पनि विभिन्न शैलीलाई अपनाएका छौँ। यसले गर्दा विषयवस्तुप्रधान हुनुका साथै वैविध्य पनि थपिने छ भन्ने कुरामा हामी विश्वस्त छौँ।

यहाँ हामीले जे-जे लेखे पनि कार्यक्षेत्रका विज्ञ भनेका शिक्षक-शिक्षिकाहरू नै हुनुहुन्छ। नानीबाबुसँग यी पाठ्यपुस्तकको परिचय गराउने जिम्मा यहाँहरूकै हो। विद्यार्थीका नायक-नायिका यहाँहरू नै हुनुहुन्छ। नानीबाबुसँग हाँस्दै, खेल्दै, नाच्दै, अभिनय गर्दै, रमाउँदै यस पाठ्यपुस्तकले उनीहरूसँग भेट्ने मौका पाउने छ र शिक्षक-शिक्षिकाका हँसाइ, नचाइ र अभिनयसँग टेम्केमैयुङ गाउँपालिकाको भूगोल, प्रकृति, संस्कृति, स्थानीय कला, सिप, प्रविधि, कृषि, पर्यटन, मनोरञ्जनका साधन, स्थानीय खेल आदिले विद्यार्थी भाइबहिनीसँग थाहै नपाई मितेरी गाँस्ने छन् भन्नेमा हामी विश्वस्त छौँ।

लेखक

# विषयसूची


| | | |
|---|---|---|
| पाठ १ | मेरो परिवार | ७ |
| पाठ २ | मेरो छिमेकी | १३ |
| पाठ ३ | हाम्रा मान्यजन | १८ |
| पाठ ४ | हाम्रो टेम्केमैयुङ | २३ |
| पाठ ५ | हाम्रा बोटबिरुवा | २९ |
| पाठ ६ | हाम्रा धार्मिक स्थल | ३३ |
| पाठ ७ | हाम्रा वेशभूषा | ३८ |
| पाठ ८ | हाम्रा धर्म | ४२ |
| पाठ ९ | हाम्रा मौलिक संस्कार संस्कृति | ४४ |
| पाठ १० | हाम्रा टोलमा रहेका व्यवसाय | ४९ |
| पाठ ११ | हाम्रा रैथाने प्रविधि | ५४ |
| पाठ १२ | हाम्रो गाउँमा अँगाल्ने पेसा | ५९ |
| पाठ १३ | हाम्रा अन्नबाली | ६३ |

| | | |
|---|---|---|
| पाठ १४ | हाम्रा तरकारी | ६६ |
| पाठ १५ | हाम्रा फलफूल | ६९ |
| पाठ १६ | हाम्रा रमणीय स्थल | ७२ |
| पाठ १७ | वडामा भएकाविकासका पूर्वाधार | ७५ |
| पाठ १८ | हाम्रा स्थानीय जनशक्ति | ७९ |
| पाठ १९ | साथीको आमाबुवाको फोन नम्बर | ८४ |
| पाठ २० | करेन्ट लाग्ला है | ८८ |
| पाठ २१ | बाटो काट्ने तरिका | ९३ |
| पाठ २२ | आदर–सत्कार | ९७ |
| पाठ २३ | पाहुनाको सत्कार | १०२ |
| पाठ २४ | सहयोग र सद्भाव | १०६ |
| पाठ २५ | हाम्रा राम्रा बानी | ११० |
| पाठ २६ | असल मान्छे | ११३ |
| पाठ २७ | हाम्रो पोषिलो खाना | ११७ |
| पाठ २८ | निद्रा | १२० |

पाठ १

# मेरो परिवार

## तलको चित्र हेर्नुहोस् र बुझ्ने प्रयास गर्नुहोस् :



(क) माथिको चित्रमा तपाईंले के के देख्नुभयो ?

(ख) माथिका दुई परिवारमध्ये कुन परिवारमा धेरै र कुन परिवारमा थोरै मानिस छन् ?

(ग) तपाईंलाई धेरै मानिस भएको परिवार मन पर्छ कि थोरै मानिस भएको परिवार मन पर्छ ?

(घ) तपाईंको परिवारमा को को हुनुहुन्छ ?



## तलको संवादलाई सुन्नुहोस् :



गुरुआमा : निमा, तिम्रो परिवारमा को को हुनुहुन्छ ?

निमा : मेरो परिवारमा हजुरबुवा, हजुरआमा, बुवा र आमा हुनुहुन्छ ?

गुरुआमा : अनि तिमी नि ?

निमा : साँच्ची मैले त आफैंलाई बिर्सेछु । म पनि छु नि ।

गुरुआमा : हाहाहा................. । भने

पछि पाँच जनाको परिवार रैछ ।

**निमा** : हजुर, हो गुरुआमा । हामी पाँच जना छौँ ।

**गुरुआमा** : सानो परिवार रैछ । अनि तिमीलाई कसको धेरै माया लाग्छ नि ?

**निमा** : (एकछिन सोच्दै) मलाई सबैको माया लाग्छ ।

**गुरुआमा** : तिमी त बाठी पो रैछ्यौ ?



## खाली ठाउँ भर्नुहोस् :

आमा | सानो | माया

(क) निमाको परिवार ................ परिवार हो ।

(ख) निमालाई सबैको ................... लाग्छ ।

(ग) निमाको परिवारमा निमा, निमाको हजुरबुवा, हजुरआमा, बुवा र ............... हुनुहुन्छ ।



## गीत सुन्नुहोस् र साथीसँग मिलेर गाउनुहोस् :

उहिल्यै हाम्रा पुर्खा
ओडारभित्र बस्थे
आगो–चुल्हो थिएन
कन्दमूल खान्थे,

वनजङ्गल डुली
खेल्थे सधैँ सिकार
पानी प्यास लागे
धाउँथे खोला किनार,

उहिल्यै हाम्रा पुर्खा
ओडारभित्र बस्थे
आगो–चुल्हो थिएन
कन्दमूल खान्थे ।



## उत्तर दिनुहोस् :

(क) उहिल्यै हाम्रा पुर्खा कहाँ बस्थे ?

(ख) हाम्रा पुर्खाले किन कन्दमूल खान्थे ?

(ग) उनीहरू वनजङ्गल डुलीडुली के गर्थे ?

(घ) उनीहरूलाई पानी प्यास लागे कहाँ जान्थे ?

(ङ) तपाईंले खोलाको पानी पिउनुभएको छ ?

## जोडा मिलाउनुहोस् :

खोला



पुर्खा



ओडार



आगो



कन्दमूल



पाठ २

# मेरो छिमेकी

तलको चित्र हेर्नुहोस् र क्रियाकलापलाई नियाल्नुहोस् :



माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? बताउनुहोस् ।

## चित्रकथा हेर्नुहोस् र बुझ्नुहोस् :

चाँदनीको घर खावामा पर्छ । खावा एउटा गाउँको नाम हो । यो गाउँ टेम्केमैयुङमा पर्छ । चाँदनीको घर वरपर अरू घरहरू पनि छन् । उसको घर छेवैमा उसको मिल्ने साथीको घर छ । उसको मिल्ने साथीको नाम ममता हो । उनीहरूसँगै विद्यालय जान्छन् । बिदाको बेलामा उनीहरू गट्टा खेल्ने गर्छन् । कहिलेकाहीँ पुतली पनि बनाउने गर्छन् । उनीहरू गृहकार्य पनि सँगै बसेर गर्छन् । चाँदनी र ममता एकआपसमा मिलेको देखेर उनीहरूका बुवाआमा पनि दङ्ग हुनुहुन्छ ।





## उत्तर दिनुहोस् :

(क) चाँदनीको घर कहाँ पर्छ ?

(ख) खावा गाउँ कति नं. वडामा पर्छ ?

(ग) चाँदनी र ममता को हुन् ?

(घ) चाँदनी र ममता बिदाका बेलामा के के गर्छन् ?

(ङ) तपाईंको गाउँको नाम के हो ?

(च) तपाईंको छिमेकी साथीको नाम के हो ?

(छ) तपाईं छिमेकी साथीसँग मिलेर खेल्नुहुन्छ कि हुँदैन ?



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

वल्लो घर, पल्लो घर
आपत् पर्दा छिमेकी
माथ्लो घर, तल्लो घर
केही पर्दा छिमेकी,

सानातिना कुरामा
बाझ्नु हुन्न कहिल्यै
मिलीजुली छिमेकी
बस्नुपर्छ जहिल्यै,

छिमेकी है छिमेकी
खुसी साट्न छिमेकी
छिमेकी है छिमेकी
दु:ख बाँड्न छिमेकी ।



## खाली ठाउँ भर्नुहोस् :

| | | | |
|---|---|---|---|
| मिलेर | बाझ्नु | खुसी | दु:ख |

(क) हामी छिमेकीसँग ........................ बस्नुपर्छ ।

(ख) कसैसँग पनि सानातिना कुरामा ................ हुन्न ।

(ग) .................. साट्न छिमेकी चाहिन्छ ।

(घ) .................. बाँड्न छिमेकी चाहिन्छ ।

(१) फरक छुट्याउनुहोस् । कुन सही छ र कुन गलत छ पत्ता लगाउनुहोस् । गलतमा बेठिक चिह्न (✗) र सहीमा ठिक चिह्न (✓) लगाउनुहोस् ।





पाठ ३

# हाम्रा मान्यजन

तलका चित्र हेर्नुहोस् र बुझ्ने प्रयास गर्नुहोस् :





माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? बताउनुहोस् ।

## चित्रकथा हेर्नुहोस् र बुझ्ने प्रयास गर्नुहोस् :

ऋतुरङ आफूभन्दा ठुलालाई देख्नेबित्तिकै सेवा भन्छिन् । उनी कक्षा २ मा पढ्छिन् । उनी नियमित रूपमा विद्यालयमा जान्छिन् । विद्यालयमा गुरुबा र गुरुआमालाई नमस्कार गर्छिन् । आफूभन्दा ठुलालाई सत्कार गर्नुपर्छ भनेर उनलाई बुवाआमाले सिकाउनुभएको हो । उनलाई यो कुरा गुरुबा र गुरुआमाले पनि सिकाउनुभएको हो । आज उनको विद्यालयमा विदेशी शिक्षकहरू आउनुभएको



छ । उहाँहरू फिनल्यान्डबाट नेपाल घुम्न आउनुभएको हो । उहाँहरूलाई ऋतुरङ र उनका साथीहरू मिलेर सयपत्रीको माला लगाइदिए । उनीहरू सबैले तपाईंहरूलाई हाम्रो विद्यालयमा स्वागत छ भनेर नमस्कार पनि गरे । सयपत्रीको माला लगाउँदा उहाँहरू सबै खुसीले गद्गद हुनुभयो ।



## उत्तर दिनुहोस् :

(क) ऋतुरङले आफूभन्दा ठुलालाई के गर्छिन् ?

(ख) ऋतुरङलाई आफूभन्दा ठुलालाई सत्कार गर्न कसले सिकाउनुभएको हो ?

(ग) ऋतुरङ र उनका साथीहरूले विदेशी शिक्षकहरूलाई केको माला लगाइदिए ?

(घ) विदेशी शिक्षकहरू कहाँबाट आउनुभएको हो ?

(ङ) विदेशी शिक्षकहरू किन खुसीले गद्गद हुनुभयो ?



## साथीसँग मिलेर गीत गाउनुहोस् ।



धेरै कुरा देखेका छन्
हामीभन्दा ठुलाले
धेरै कुरा बुझेका छन्
अनुभवी हुनाले,

ठुलासँग बसेर
धेरै बुझ्न सकिन्छ
ठुलासँग हिंडेर
धेरै देख्न सकिन्छ,



ठुला हाम्रा 'हिजो' हो
कहिल्यै भुल्नु हुन्न
साना हामी 'भोलि' हौँ
अहिले चुक्नु हुन्न ।



## तलको खाली ठाउँमा ठिक उत्तर लेख्नुहोस् :

| अनुभवी | बुझ्न | भुल्नु | देखेका |
| --- | --- | --- | --- |

(क) हामीभन्दा ठुलासँग बसेर धेरै कुरा ............. सकिन्छ ।

(ख) हामीभन्दा ठुलाले धेरै कुरा ................. छन् ।

(ग) ठुलाहरू हामीभन्दा ................... हुन्छन् ।

(घ) हामीले आफूभन्दा ठुलालाई कहिल्यै ............ हुन्न ।

(१) हजुरबुवा अथवा हजुरआमा अथवा आमाबुवाले तपाईंलाई कुनै कथा सुनाउनुभएको छ । सुनाउनुभएको छ भने त्यो कथा कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।



पाठ ४

# हाम्रो टेम्केमैयुङ

तलका चित्र हेर्नुहोस् र चित्रलाई याद गर्ने प्रयास गर्नुहोस् :





माथिका चित्रमा तपाईंले के के देख्नुभयो ?

(१) तपाईं कहिल्यै आफ्नो घरभन्दा टाढा कतै घुम्न जानुभएको छ ? कोसँग कहाँ जानुभएको थियो ? आफ्नो अनुभव कक्षाकोठामा सुनाउनुहोस् ।



## तलको संवाद पढ्नुहोस् :

(शरद् र शरद्को हजुरबुवा)

**शरद्** : हजुरबुवा, हाम्रो गाउँपालिकाको नाम के हो ?

**हजुरबुवा** : टेम्केमैयुङ हो । किन र ?

**शरद्** : भोलि कक्षामा गाउँपालिकाका बारेमा बोल्नु छ । त्यही भएर हो ।

**हजुरबुवा** : ए ! ठिक छ ।

**शरद्** : अनि हाम्रो गाउँपालिकामा कति ओटा वडा छन् ?

**हजुरबुवा** : नौओटा छन् ।

**शरद्** : नाम पनि भनिदिनुहोस् न ।

**हजुरबुवा** : तिम्मा, छिनामखु, अन्नपूर्ण, नागी, खावा, तल्लो कोट, माथिल्लो कोट, गोगने र लेखर्क हुन् ।

**शरद्** : ए । हाम्रो गाउँपालिकाको नाम कसरी टेम्केमैयुङ हुन गएको नि ?

**हजुरबुवा** : टेम्के डाँडा र मैयुङ डाँडाको नामलाई जोडेर राखिएको हो । यी दुई डाँडा हाम्रा अग्ला डाँडाहरू हुन् ।

**शरद्** : भनेपछि हिउँ पनि पर्छ यी डाँडामा ?

**हजुरबुवा** : पर्छ नि । तिमीले देखेका छैनौ ?

**शरद्** : छैन नि ।

**हजुरबुवा** : अर्को वर्षको हिउँदमा हिउँ पर्दा म तिमीलाई देखाउँछु ।

**शरद्** : हस्, हजुरबुवा । धेरै कुरा बताउनुभएकोमा धेरै धेरै धन्यवाद ।



## उत्तर दिनुहोस् :

(क) टेम्केमैयुङ गाउँपालिकामा कति ओटा वडाहरू छन् ?

(ख) टेम्केमैयुङ नाम कसरी रहन गएको हो ?

(ग) टेम्केमैयुङका दुई अग्ला डाँडा कुन कुन हुन् ?

(घ) टेम्के र मैयुङमा हिउँ पर्छ कि पर्दैन ?

## चित्र हेरेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अन्नपूर्ण | 1 |
| छिनामखु | 2 |
| तिम्मा | 3 |
| खावा | 4 |
| नागी | 5 |
| लेखर्क | 6 |
| गोगने | 7 |
| तल्लोकोट | 8 |
| माथिल्लोकोट | 9 |

(क) तलको भऱ्याङ हेर्नुहोस् । बिस्तारै भऱ्याङ चढ्ने र ओर्लने खेल खेल्नुहोस् :





## फरक फरक कोठामा फरक फरक रङ भर्नुहोस् :



पाठ ५

# हाम्रो बोटबिरुवा



**तलका चित्र हेर्नुहोस् र चित्रलाई याद गर्ने प्रयास गर्नुहोस् ।**









(क) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? साथीहरूलाई सुनाउनुहोस् ।

(ख) तपाईंको घर अथवा विद्यालय वरपर बोटबिरुवाहरू छन् कि छैनन् ?

(ग) तपाईंले कहिल्यै बोटबिरुवाको पात टिपेर किताबका बिचमा राख्नुभएको छ ?



## तलको यात्रा वृत्तान्त सुन्नुहोस् र आनन्द लिनुहोस् ।

आज नयाँ वर्ष । आज म मेरो बाबा र आमासँग घुम्न आएको छु । यति अग्लो डाँडामा म कहिल्यै आइपुगेको थिइन । यो डाँडाको नामचाहिँ टेम्के हो । यहाँबाट मैयुङ डाँडा पनि देखिने रैछ ।

ए, साँच्ची मैले आफ्नो नाम नै भन्न बिर्सेछु । मेरो नामचाहिँ चम्पा । चम्पाचाहिँ फूलको नाम हो । फूलको नामबाट मेरो नाम रहन गएको हो । मलाई बोटबिरुवा र फूलहरू एकदम मन पर्छ ।

आज मैले टेम्के डाँडा आउँदा धेरै बोटबिरुवा देखेँ । तलतल गुराँस फुलेको पनि देखेँ । बाबाले भन्नुभएको यहाँ चिमाल पनि फुल्छ रे ! चिमाल भनेको चाहिँ सेतो गुराँस रैछ । मैले अर्कै सेतो फूल फुलेको रुख देखेको थिएँ तर त्यो चाहिँ चिमाल होइन

रहेछ । त्यो चाँहि चाँप हो रे ! बास्ना पनि आउँदो रहेछ ।



बाबाले घर फर्किँदा लोक्ताको बोट पनि देखाउँछु भन्नुभएको छ । यसबाट चाहिँ कागज बन्दो रहेछ । बोटबिरुवाबाट कागज बन्छ भनेर मलाई कहिल्यै थाहा थिएन ।

अँ, साँच्ची मृगले खाने घाँस पनि पाइन्छ रे । मलाई बाबाले त्यो घाँस पनि देखाउँछु भन्नुभएको छ । आहा, मृग नै देख्न पाए कति राम्रो हुन्थ्यो ।



## उत्तर दिनुहोस् :

(क) चम्पा कहाँ घुम्न आएकी छिन् ?

(ख) चम्पाले तलतल कुन फूल फुलेको देखिन् ?

(ग) चिमाल भनेको के हो ?

(घ) लोक्ताबाट के बनाउन सकिन्छ ?



## तलका चित्र हेर्नुहोस् । चित्रमा तपाईंले के के देख्नुभयो ? सुनाउनुहोस् ।







## चित्रकथा हेर्नुहोस् र के के बुझ्नुभयो भन्नुहोस् ।



पाठ ६

# हाम्रा धार्मिक स्थल

**तलका चित्र हेर्नुहोस् र चित्रलाई याद गर्ने प्रयास गर्नुहोस् :**



साकेला थान



गुम्बा



देवीथान



मन्दिर

(क) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? बताउनुहोस् ।

(ख) तपाईंको घर छेउछाउमा माथिका चित्रमा जस्तै कुनै ठाउँ छन् ?

(ग) तपाईं कहिल्यै गुम्बा, मन्दिर, देवीथान अथवा साकेला थानमा पुग्नुभएको छ ?

## चित्रकथा हेर्नुहोस् र बुझ्नुहोस् :



क्षितिजको विद्यालय छेउमा साकेला थान रहेको छ । यो किरात राईहरूको पूजाआज गर्ने पवित्र ठाउँ हो । यहाँ उधौली उभौलीको बेला साकेला नाचिन्छ । यस ठाउँ वरपर फोहोर फाल्न पाइँदैन । विद्यालयले समेत यो ठाउँलाई सफा राख्न सहयोग गरेको छ । फोहोर फालेमा जरिवाना

तिर्नुपर्छ । तर, यहाँ कसैले फोहोर फाल्दैनन् । यस्ता ठाउँहरूमा फोहोर फाल्नु हुँदैन भनेर यहाँका मानिसहरूलाई थाहा छ । यहाँको साकेला थान हेर्न बाहिरबाट मानिसहरू आउँछन् । फोटो खिचेर पनि लान्छन् । कहिलेकाहीँ विदेशीहरू पनि आउँछन् ।



## उत्तर दिनुहोस् :

(क) क्षितिजको विद्यालय छेउमा के रहेको छ ?

(ख) उँधौली–उँभौलीको बेला साकेला थानमा के गरिन्छ ?

(ग) विद्यालयले साकेला थान सफा राख्न के गर्ने गरेको छ ?

(घ) साकेला थान वरपर फोहोर फालेमा के तिर्नुपर्छ ?



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

गुम्बा र मन्दिर
साकेला थानमा
फोहोर नगरौँ

यी सबै हाम्रा
सम्पदा हुन् है
मेरो हो नभनौँ
सम्पदा बचे
रहन्छौँ हामी
नबचे रहन्नौँ
सम्पदा मास्ने
क्रियाकलापलाई
कदापि सहन्नौँ ।



## खाली ठाउँमा उपयुक्त शब्द छानेर भर्नुहोस् :

| फोहोर | सम्पदा | मास्नु |
|---|---|---|

(क) हामीले हाम्रो सम्पदालाई ................. हुन्न ।

(ख) गुम्बा, मन्दिर र साकेला थान वरपर ................ गर्नुहुन्न ।

(ग) गुम्बा, मन्दिर र साकेला थान हाम्रा ................. हुन् ।

# तलका चित्रमा रङ भर्नुहोस् :







पाठ ७

# हाम्रा वेशभूषा

**तलका चित्र हेर्नुहोस् र चित्रलाई याद गर्ने प्रयास गर्नुहोस् :**









(क) माथिका चित्रमा तपाईंलाई कुनचाहिँ चित्र मन पर्‍यो ?

(ख) तपाईंले कहिल्यै माथिका चित्रमा जस्तै कुनै लुगा लगाउनुभएको छ ?



## चित्रकथा हेर्नुहोस् र बुझ्नुहोस् :



रिदुम राईको घर नजिकै विद्यालय रहेको छ । रिदुम यही विद्यालयमा पढ्छिन् । यो विद्यालय अरू विद्यालयभन्दा अलि फरक छ । यहाँका विद्यार्थीहरूले महिनामा एक दिन अर्कै पोसाक लगाउने गर्छन् । त्यो दिन प्रत्येक महिनाको अन्तिम शुक्रबार हो । उनीहरूले त्यस दिन आ–आफ्नो जातीय पोसाक लगाउन पाउँछन् । रिदुम पनि त्यस दिन आफ्नै पोसाक लगाएर विद्यालय जाने गर्छिन् । कसै कसैले आफूलाई मनपर्ने पोसाक पनि लगाउने गर्छन् । गुरुबा र गुरुआमाहरूले पनि आ–आफ्नो जातीय पोसाक लगाएर आउने गर्नुहुन्छ ।



## उत्तर दिनुहोस् :

(क) रिदुमको विद्यालय अरू विद्यालयभन्दा किन फरक छ ?

(ख) उनीहरूले कुन दिन मन पर्ने पोसाक लगाउन पाउँछन् ?

(ग) तपाईं पनि विद्यालयको पोसाकबाहेक अन्य पोसाक लगाएर विद्यालय जानुभएको छ ?



## गीत गाउनुहोस् :

गर्मीलाई छल्न, चिसोबाट बच्न लुगा लाइन्छ
जिउज्यान ढाक्न, लाजलाई छोप्न लुगा लाइन्छ
चिसो चिसो मौसम
बाक्लो न्यानो लुगा
गर्मी गर्मी मौसम
हल्का वेशभूषा
गर्मीलाई छल्न, चिसोबाट बच्न लुगा लाइन्छ
जिउज्यान ढाक्न, लाजलाई छोप्न लुगा लाइन्छ ।



## खाली ठाउँ भर्नुहोस् :

| छल्न | बच्न | ढाक्न | छोप्न |
|---|---|---|---|

(अ) गर्मीलाई (.....) ( ल् ) (.....)

(आ) चिसोबाट (.....) (.....) ( न )

(इ) जिउज्यान (ढा) (.....) (.....)

(ई) लाजलाई (.....) ( प् ) (.....)



## तलका चित्रमा रङ भर्नुहोस् :



# पाठ ८

# हाम्रा धर्म

## तलका चित्र हेर्नुहोस् र चित्रलाई याद गर्ने प्रयास गर्नुहोस् :





(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? हेरेर बताउनुहोस् ।

(आ) तपाईं कहिल्यै साकेलाथानमा अथवा गुम्बामा अथवा मन्दिरमा जानुभएको छ ? कोसँग जानुभएको थियो ?



## जोडा मिलाउनुहोस् :





गुम्बा

मन्दिर

साकेलाथान

चर्च

मस्जिद









## तलका चित्रमा रङ भर्नुहोस् :







# पाठ ९ हाम्रा मौलिक संस्कार संस्कृति

**तलका चित्र हेर्नुहोस् र चित्रले भन्न खोजेको कुरालाई बुझ्ने प्रयास गर्नुहोस् :**



न्वारन



साकेला

(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षामा साथीहरूलाई र गुरु अथवा गुरुआमालाई सुनाउनुहोस् ।

(आ) तपाईंले ढोल, झ्याम्टा देख्नुभएको छ ?

## चित्रकथा हेर्नुहोस् र बुझ्नुहोस् :



दीपकको घर कोटमा पर्दछ । कोट भोजपुरको एउटा गाउँको नाम हो । यो गाउँ टेम्केमैयुङ गाउँपालिकामा रहेको छ ।

यो असोज महिना हो । आज दीपकको घरमा नयाँ बाली भित्र्याउने काम हुँदै छ । उनका हजुरबुवाले नयाँ बाली घर भित्र्याउँदै हुनुहुन्छ । बाली भित्र्याउनु अघि उहाँले चिन्डो, केराको पात, नयाँ धानको बाला, नयाँ

अदुवाको बोट र कृषि औजारको पूजा गर्नुभयो । उहाँले आफ्ना पितृ-पुर्खालाई सम्झँदै केही अन्न चढाउँदै हाम्रो परिवारमा राम्रो होस्, रोगव्याधि केही नलागोस् भनी सम्झनुभयो ।

हजुरबुवाले दीपकलाई सम्झाउँदै भन्नुभयो, बाबु ! यो हाम्रो परम्परा हो । यसलाई नयाँ चलाउने र नुवागी भनिन्छ । यो दिन हामी हाम्रा पितृ पुर्खालाई सम्झने गर्छौं ।



## उत्तर दिनुहोस् :

(क) दीपकको घर कहाँ पर्दछ ?

(ख) दीपकको घरमा आज के हुँदै छ ?

(ग) दीपकको हजुरबुवाले के गर्दै हुनुहुन्छ ?

(घ) नुवागीलाई के पनि भनिन्छ ?

(ङ) नुवागीको दिन के गरिन्छ ?

## साथीसँग मिलेर गीत गाउनुहोस् ।

नयाँ चलाउने
हो ........ २
नुवागी मनाउने

पितृलाई सम्झने
नयाँ बाली भित्र्याउने
नयाँ चलाउने
हो ........
नुवागी मनाउने,

असोज महिना
भकारी भर्ने
नयाँ चलाउने
हो ........
नुवागी मनाउने,

नयाँ चलाउने
हो ........ २
नुवागी मनाउने

## जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
| --- | --- |
| नुवागी | नयाँ बाली भित्र्याउने महिना |
| पितृ | अन्न राख्ने ठुलो भाँडो |
| भकारी | पुर्खा |
| असोज | नयाँ चलाउने |

## तलका चित्रमा रङ भर्नुहोस् :







# पाठ १०

# हाम्रा टोलमा रहेका व्यवसाय

**तलका चित्र हेर्नुहोस् र विभिन्न काम चिन्नुहोस् :**






(अ) माथिका चित्र हेर्नुहोस् र चित्रमा के के देख्नुभयो ? आफ्ना साथी र शिक्षकलाई सुनाउनुहोस् ।

(आ) तपाईंको घरमा पालेका कुनै दुई पशु र पन्छीका नाम लेख्नुहोस् ।

## तलको चित्रकथा हेर्नुहोस् र बुझ्ने प्रयास गर्नुहोस् :



सुवास र उसको बुवा बगैँचामा कागती टिप्न व्यस्त छन् । सुवासको घर गोगनेमा पर्छ । गोगने टेम्के डाँडाको फेदमा पर्दछ । यहाँ प्रशस्त मात्रामा कागती फल्छ । यहाँका कागती रसिला हुन्छन् । दाना पनि ठुला ठुला हुन्छन् ।

गोगनेका कृषकले यहाँका कागतीलाई भोजपुरको शनिबारे हाटमा लगेर बेच्छन् । कसै कसैले विराटनगरमा पनि लान्छन् र बेच्छन् ।

कागती उत्पादनले सुवासको घर राम्रोसँग चलेको छ ।

उसकी दिदी महिमा सहरमा कम्प्युटर विज्ञान पढ्छिन् । सुवासले पनि पढ्ने अवसर पाएको छ ।

कागती खेतीसम्बन्धी केही कुरा सोध्नुपर्‍यो भने गाउँलेहरूले सुवासको बुवासँग सल्लाह लिन्छन् । गाउँका सबैले सुवासको बुवालाई कागती काका भनेर बोलाउँछन् ।



## माथिका चित्रकथा पढेर तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सुवास र उसको बुवा बगैँचा के गर्दै छन् ?

(ख) प्रशस्त मात्रामा कागती कहाँ फल्छ ?

(ग) गोगनेका कागती कहाँ लगेर बेचिन्छ ?

(घ) के कारणले गर्दा सुवासको घर राम्रोसँग चलेको छ ?

(ङ) सुवासको बुवालाई गाउँलेले के भनेर चिन्दछन् ?



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

खेती गरौँ लै लै
खेती गरौँ है
बाँझो जमिन नछोडौँ
खेती गरौँ है,

खेती गरौँ लै लै
खेती गरौँ है
अन्न, फलफूल, तरकारी
आफैँ फलाऔँ है,

खेती गरौँ लै लै
खेती गरौँ है
राम्रो खेती गरेमा
कमाइ हुन्छ है ।

## खाली ठाउँमा शब्द छानेर लेख्नुहोस् :

| राम्रो | बाँझो | फलफूल |
|---|---|---|

(क) जमिनलाई ................ राख्नुहुँदैन ।

(ख) गाउँलाई चाहिने तरकारी, अन्न र ............ गाउँले नै उत्पादन गर्नुपर्छ ।

(ग) .................... खेती गर्नाले आम्दानी हुन्छ ।

## तलका चित्रमा रङ भर्नुहोस् :







# पाठ ११

# हाम्रा रैथाने प्रविधि



## तलका चित्र हेर्नुहोस् र मनन गर्नुहोस् :









(क) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? क्रमशः साथी र शिक्षकलाई सुनाउनुहोस् ।

(ख) माथिका चित्रलाई तपाईंले घरमा वा गाउँमा देख्नुभएको छ कि छैन ? कक्षामा सुनाउनुहोस् ।

## तलको चित्रकथा हेर्नुहोस् र पढ्नुहोस् :

खावा भोजपुरको सुन्दर गाउँ हो । मिराकको घर त्यही सुन्दर गाउँमा पर्छ । उसको हजुरबुवा डोको बुन्न सिपालु हुनुहुन्छ । घर तथा छिमेकीलाई चाहिने डोको, डालो, मान्द्रो उहाँ आफैँ बुन्नुहुन्छ । हिजोआज गाउँका अरूलाई पनि बुन्न सिकाउनुहुन्छ । बुन्ने सिप उहाँले पल्लाघरे काकाबाट सिक्नुभएको हो ।

उहाँले बुन्नुभएको डोको गाउँभरि प्रख्यात छ । उहाँले बुन्नुभएका डोकाका आँखाहरू मसिना हुन्छन् । डोकामा राखेका वस्तुहरू आँखाबाट झर्दैनन् । त्यसैले सबैले मल बोक्न प्रयोग गर्छन् ।





## खाली ठाउँमा उपयुक्त शब्द छानेर भर्नुहोस् :

| डोको | मल | सुन्दर | सिप |
|---|---|---|---|

(क) खावा भोजपुरको ............... गाउँ हो ।

(ख) मिराकको हजुरबुवा ............... बुन्न सिपालु हुनुहुन्छ ।

(ग) मिराकको हजुरबुवाले बुन्ने ......... पल्लाघरे काकाबाट सिक्नुभएको हो ।

(घ) डोको ............ बोक्न प्रयोग गरिन्छ ।



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

सिप हो कौशल<br>
सिप हो जीवन<br>
सिप सिकौँ सबैले,

सिप हो धन
सिप हो मन
सिप सिकौँ सबैले,

सिप हो जुक्ति
सिप हो शक्ति
सिप सिकौँ सबैले,

सिपले गर्दा
मानिस चिन्छ
सिप सिकौँ सबैले ।

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

धन सिप धन हो ।

कौशल, सिप, जीवन

## तलको चित्रमा रङ भर्नुहोस् :



पाठ १२

# हाम्रो गाउँमा अँगाल्ने पेसा



## तलका चित्र हेरेर पेसा चिन्नुहोस् :











(अ) माथिका चित्र हेरेर कुनै तीनओटा पेसाको नाम भन्नुहोस् ।

(आ) माथि दिइएकामध्ये तपाईंलाई कुन पेसा मन पर्छ ?



## तलको संवाद पढ्नुहोस् :

(कक्षा २ मा इमा गुरुआमाले टेम्केमैयुङ सेरोफेरो पढाउँदै हुनुहुन्छ। त्यत्तिकैमा शिक्षिकाले विद्यार्थीहरूलाई तिनीहरू भविष्यमा के बन्न चाहन्छौ भन्ने विषयमा छलफल गर्दै हुनुहुन्छ)

**इमा गुरुआमा :** भाइबहिनी हो। आज म तपाईंहरू सबैलाई एउटा प्रश्न सोध्छु। हुन्छ ?

**सबै विद्यार्थी** (एउटै आवाजमा) : हुन्छ गुरुआमा।

**इमा गुरुआमा :** तपाईंहरू सबैले पालैपालो उत्तर दिनुपर्छ नि।

**सबै विद्यार्थी** (एउटै आवाजमा) : हस् गुरुआमा।

**इमा गुरुआमा :** ल, भन्नुस् त। तपाईंहरू ठुलो भएपछि के बन्ने मन छ ?

**विभिन्न विद्यार्थी** (फरक फरक आवाजमा): तपाईंजस्तै बन्ने मिस, डाक्टर, आर्मी, पाइलट, पुलिस, ड्राइभर ......। (ड्राइभर भन्ने सुन्नेबित्तिकै विद्यार्थी गलल्ल हाँस्छन्)

**इमा गुरुआमा :** नानी हो। किन हाँस्नुभएको ? गाडी चलाउनु

पनि पेसा हो । हामीलाई विभिन्न ठाउँमा पुऱ्याउने काम ड्राइभरले गर्नुहुन्छ । ड्राइभरबिना हामी यात्रा गर्न सक्दैनौँ ।

नानी हो, कुनै पनि कामलाई सानो–ठुलो भन्नुहुँदैन । काम नगरेर बस्नुभन्दा काम गर्नु हजार गुणा राम्रो हो ।

## जोडा मिलाउनुहोस् :







प्रहरी

शिक्षक

डाक्टर

कृषक

सिकर्मी

डकर्मी

सूचीकार









## तलका चित्रमा रङ भर्नुहोस् :







# पाठ १३

# हाम्रा अन्नबाली



## तलका चित्र हेर्नुहोस् र विभिन्न बाली चिन्नुहोस् :






(अ) माथिका चित्र हेरेर फल्दै गरेको अन्नबालीको नाम क्रमशः भन्नुहोस् ।

(आ) तपाईंको खेतबारीमा माथि दिइएका कुन कुन अन्न फल्छन् ?



## तलको भ्रमण विवरण पढ्नुहोस् र विभिन्न अन्नबालीका बारेमा बुझ्ने प्रयास गर्नुहोस् :

(अन्नपूर्णको एउटा विद्यालयमा पढ्ने विद्यार्थीहरू भ्रमणका लागि चखेवा डाँडा गएका छन् । यी विद्यार्थीहरू कक्षा २ मा पढ्छन् । चखेवाबाट टेम्केमैयुङका सबै भूभाग देखिन्छन् । चखेवा डाँडाबाट टेम्केमैयुङका विभिन्न ठाउँ देखाउँदै शिक्षकले अन्नबाली फल्ने ठाउँहरू चिनाउँदै हुनुहुन्छ ।)

भाइबहिनी हो, हाम्रो टेम्केमैयुङ सुन्दर छैन त । ऊ परको (हातले इसारा गर्दै) तिम्मा हो । तिम्मा नजिकैको गाउँ छिनामखु हो । ऊ त्यो अन्नपूर्ण हो । हो, हामी त्यहींबाट आएका हौँ । नागी हेर त कस्तो राम्रो छ । मिलेका घर देखिने कोट अर्को गाउँ हो । तलको गोगने हो र अर्कोचाहिँ लेखर्क हो ।

हाम्रो टेम्केमैयुङका प्रायः भूभाग पहाडी छन् । लेकमा जाडो हुन्छ र बेँसीमा अलि गर्मी हुन्छ । लेकमा मकै, जौ, उवा र फापर फल्छन् भने बेँसीमा धान र गहुँ फल्छन् । त्यो परको हरियो पाखो मकैबारी हो ।

(१) माथिको भ्रमण विवरण पढ्नुहोस् र उत्तर दिनुहोस् ।

(क) टेम्केमैयुङका गाउँका नामहरू क्रमशः लेख्नुहोस् ।

(ख) तपाईंको घर कुन गाउँमा पर्छ ?

(ग) टेम्केमैयुङका लेकमा के के फल्छन् ?

(घ) टेम्केमैयुङका बेँसीमा के के फल्छन् ?

(२) आफ्नो घरमा फल्ने विभिन्न अन्नबालीका दानालाई जम्मा गर्नुहोस् । जम्मा गर्नुभएको मकै, गहुँ, धान, उवा, जौ, फापरलाई खाली पानामा टाँस्नुहोस् र अन्नबालीका नाम लेख्नुहोस् ।









पाठ १४

# हाम्रा तरकारी



## तलका चित्र हेरेर विभिन्न तरकारीलाई चिन्नुहोस् :








(अ) माथिका चित्र हेरेर तरकारीमा नाम क्रमशः लेख्नुहोस् ।

(आ) माथि दिइएका चित्रमध्ये तपाईंको करेसाबारीमा फलेका तीनओटा तरकारीका नाम लेख्नुहोस् ।

(ख) तलको चित्रकथा हेर्नुहोस् । चित्रकथामा निनाम्माको परिवारले प्रशस्त मात्रामा उब्जाउने गरेको आलु, सिमी, साग, पिँडालु, स्कुसलगायतका तरकारी कसरी बजारसम्म पुऱ्याइन्छ भनेर देखाइएको छ ।



आलु गोडमेल गर्दै



आलु निकाल्दै



आलुलाई बोरामा हाल्दै



आलुका बोरालाई गाडीमा राख्दै



## ठिक (✓) बेठिक (✗) छुट्याउनुहोस् :

(क) आलुको बोटमा फूल फुल्दैन । ☐

(ख) आलु अन्नबालीमा पर्दछ ।

(ग) आलु जमिनमुनि फल्दछ ।

(घ) आलुको फूल रातो हुन्छ ।

(ङ) आलुलाई बेच्न मिल्दैन ।

(घ) तपाईंको घरमा प्रशस्त फल्ने कुनै दुईओटा तरकारी कक्षाकोठामा ल्याउनुहोस् र साथीलाई देखाउनुहोस् । आफ्नो मिल्ने साथीले ल्याएको तरकारी पनि हेर्नुहोस् ।



## तलका तरकारीमा मिल्दो रङ भर्नुहोस् :



पाठ १५

# हाम्रा फलफूल



## तलका फलफूलका चित्र हेर्नुहोस् र चिन्नुहोस् :



(क) माथिका चित्र हेरेर फलहरूका नाम क्रमशः लेख्नुहोस् ।

(ख) तपाईंको घरमा फल्ने कुनै दुईओटा फलफूलको नाम लेख्नुहोस् ।

(ग) तपाईंलाई मन पर्ने फलफूलको नाम लेख्नुहोस् ।

## प्रत्येक चित्र हेर्नुहोस् र चित्रकथा बुझ्नुहोस् :

म सुन्तलाको बोट हुँ । पहाडका डाँडाकाँडामा मलाई देख्नुसक्नु हुनेछ । मलाई ठिक्कको मौसम मन पर्छ । कसै कसैले मलाई घरआँगनमा रोप्छन् तर केहीले बगैँचा नै बनाउँछन् ।

मैले राम्रो स्याहार–सुसार पाएँ भने मेरा शरीरभरि प्रशस्त मात्रामा फल फल्छन् । अलि अघि ती फल अमिला हुन्छन् तर अलि पछि भने गुलिया हुन्छन् । मेरा शरीरमा फलेका फल सबैले मन पराउँछन् । सबैले मिठो मानीमानी खान्छन् ।

यी फलहरू शनिबारे हाट, टक्सार र ठुला ठुला सहरमा पुग्छन् । मलाई राम्ररी स्याहार–सुसार गर्नेले राम्रो आम्दानी गर्छन् ।





(१) माथिका चित्रकथा हेरेर उत्तर दिनुहोस् ।

(क) सुन्तलाको बोट कस्तो ठाउँमा देख्न पाइन्छ ?

(ख) सुन्तला कस्तो मौसममा फल्छ ?

(ग) के गर्दा प्रशस्त मात्रामा सुन्तला फल्छ ?

(घ) तपाईंको जन्मदिनको अवसर पारेर विद्यालयको आँगनमा फलफूलको कुनै बिरुवा रोप्नुहोस् । रोपिसकेपछि उक्त बोटलाई स्याहार–सुसार गर्नुहोस् । बिरुवालाई कुनै नाम पनि दिनुहोस् ।



पाठ १६

# हाम्रा रमणीय स्थल



**तलका चित्र हेर्नुहोस् र ती रमणीय स्थलका बारेमा बुझ्ने प्रयास गर्नुहोस् :**





(अ) माथिका रमाइला ठाउँमध्ये तपाईं कुन ठाउँमा पुग्नुभएको छ ?

(आ) तपाईंलाई घुम्न कत्तिको मन पर्छ ?

(ख) सेन्मी आफ्नो बुवाआमासँग मैयुङ घुम्न गएकी थिइन् । उनले आज कक्षामा आफ्ना साथीलाई मैयुङ घुम्दाको अनुभव सुनाइन् । सेन्मीको भ्रमण अनुभव तपाईं पनि सुन्नुहोस् ।

नमस्कार ! आज म, मैले घुमेको रमाइलो ठाउँका बारेमा भन्दैछु । म हिजो, शनिबार बुवाआमासँग मैयुङ घुम्न गएकी थिएँ । मैयुङ एकदमै अग्लो डाँडा रहेछ । यहाँबाट हिमाल पनि देखिने रैछ । बाटाका छेउछाउमा ढकमक्क हुने गरी राता र सेता गुराँसहरू फुलेका थिए । बाबाले मलाई एउटा गुराँस टिपेर दिनुभयो । घुम्नलाई अरू मानिसहरू पनि आएका रहेछन् । उनीहरू गुराँसको बोटछेउमा उभिएर फोटो खिचिरहेका थिए । हामीले पनि केही फोटो खिच्यौँ ।

हामी दिनभरि चिसो हावा खाँदै डाँडामा डुल्यौँ । साँझपख, हामीले घाम अस्ताएको पनि हेर्‍यौँ र बिस्तारै घर फर्क्यौँ । घर फर्केपछि खाना खायौँ र सुत्यौँ । मैले त सपनामा मैयुङ घुमेको देखेछु ।

(ग) सेन्मीको कुरा सुनेर तलका प्रश्नको उत्तर दिनुहोस् ।

(अ) सेन्मी घुम्न कहाँ गएकी थिइन् ?

(आ) मैयुङ डाँडाबाट के देखिने रहेछ ?

(इ) मैयुङ डाँडामा कुन कुन रङको गुराँस फुल्दो रहेछ ?

(ई) मैयुङ घुम्न आएका मानिसहरू के गरिरहेका थिए ?

(उ) सपनामा सेन्मीले के देखिन् ?

(घ) सेन्मीजस्तै तपाईं पनि टेम्केमैयुङको कुनै रमाइलो ठाउँमा घुम्नुभएको होला ? घुमिसकेपछिको आफ्नो अनुभव कक्षाकोठामा साथीलाई सुनाउनुहोस् ।



## तलको सुन्दर चित्रमा मिल्दो रङ भर्नुहोस् :



पाठ १७

# वडामा भएका विकासका पूर्वाधार

## तलका चित्रहरू हेर्नुहोस् र विकासका पूर्वाधारलाई चिन्नुहोस् :






(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षाकोठामा साथीलाई सुनाउनुहोस् ।

(आ) माथि दिइएका चित्रहरू तपाईंले आफ्नो गाउँमा देख्नुभएको छ ?

(२) नुङ्नुमाले आफ्नो मिल्ने साथी कौस्तुभालाई लेखेकी चिठी पढ्नुहोस् ।

प्रिय साथी कौस्तुभा,

तिमीलाई सन्चै होला । मलाई पनि ठिक छ । साथी, तिमीलाई धेरै सम्झेको छु ल ।

आज म तिमीलाई एउटा नयाँ कुरा भन्छु है । थाहा छ, मैले कार्टुन हेरेँ नि । मैले कहिल्यै कार्टुन हेरेको थिइनँ । ल्यापटप बोकेर कक्षाकोठामा गुरुबा आउनुभयो अनि ल्यापटपमा कार्टुन देखाउनुभयो । मैले त सुरुमा टिभी भन्ठानेको थिएँ । यसलाई ल्यापटप भन्दो रहेछ ।

हामी सबैले कार्टुन हेऱ्यौँ । कार्टुनको नामचाहिँ मुमिन रहेछ । तर मलाई मुमिनभन्दा पनि सानुमाया मन पऱ्यो । सानुमायाले खुब हसाउँछे । मलाई पनि आजकाल मेरा सबै साथीहरूले सानुमाया भनेर बोलाउँछन् । यसरी बोलाउँदा मलाई रमाइलो लाग्छ ।

साथी, आजलाई यति है । गुरुबाले अर्को कार्टुन देखाउँछु भन्नुभएको छ । अनि फेरि अर्को कार्टुनका बारेमा भन्छु नि ।

उही तिम्रो साथी,

नुङ्नुमा



(३) **माथिको चिठी पढ्नुहोस् र खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

(अ) नुङ्नुमाले साथीसँग बसेर ............ हेरिन् । (कार्टुन, ल्यापटप)

(आ) नुङ्नुमाले हेरेको कार्टुनको नाम ............... हो । (सानुमाया, मुनिन)

(इ) नुङ्नुमालाई उनको ............. ले कार्टुन देखाउनुभएको हो । (गुरुबा, गुरुआमा)



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

अघि है अघि कुँद्छ

धुलो है उड्ने बाटो

पछि बिजुली पुग्छ
टुकी बत्तीको साटो,
स्कुल, हेल्थपोस्ट सप्पै
बोकेर आफ्नो काँधमा
सहरै बोकेर ल्याउँछ
धुलो बाटाले गाउँमा ।



## जोडा मिलाउनुहोस् :



सडक



बिजुलीबत्ती



स्वास्थ्यचौकी

टेलिभिजन





विद्यालय

पाठ १८

# हाम्रा स्थानीय जनशक्ति

## तलका चित्र हेर्नुहोस् र जनशक्ति चिन्ने प्रयास गर्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? साथीलाई सुनाउनुहोस् ।

(आ) माथिका चित्रमध्ये तपाईंलाई कुन कुन चित्र मन पर्‍यो ?



## मीरा र उसकी आमाबिचको कुराकानी पढ्नुहोस् :

मीरा : आमा, हाम्रो घरको दराज कसले बनाएको ?

आमा : सिकर्मीले । किन र ?

मीरा : दराजमा ऐना छ नि त ? त्यही भएर ।

आमा : ऐना चाहिन्छ नि त ।

मीरा : ऐना कसरी हाल्छ नि ?

आमा : सिकर्मीलाई सोध्नुपर्छ नानु ।

मीरा : सिकर्मी भनेको के हो आमा ?

आमा : काठबाट विभिन्न सामान बनाउने मानिसलाई सिकर्मी भनिन्छ नि ।

मीरा : हाम्रो घरको कुर्सी पनि सिकर्मीले बनाएको ?

आमा : हो त ।

मीरा : अँ (एकछिन सोच्दै) हाम्रो घर नि ?

आमा : त्योचाहिँ डकर्मीले ।

मीरा : डकर्मी भनेको के हो नि आमा ?

आमा : घर बनाउने मानिसलाई डकर्मी भनिन्छ ।

मीरा : अनि, हाम्रो घरमा त ढोका र झ्याल छ त ।

आमा : झ्याल र ढोकाचाहिँ सिकर्मीले बनाएको हो अनि यसलाई मिलाएर राख्ने काम चाहिँ डकर्मीले गरेको हो ।

मीरा : सुरुचिको घर पनि ? (आफ्नो साथीको नाम लिँदै)

आमा : हो त ।

(ग) माथिको कुराकानी पढेर (✓) र बेठिक भए (✗) छुट्याउनुहोस् ।

(अ) दराजमा ऐना राखिएको छैन । ☐

(आ) काठको काम गर्ने मानिसलाई सिकर्मी भनिन्छ । ☐

(इ) झ्याल र ढोका डकर्मीले बनाएका हुन् । ☐

(उ) घर बनाउने मानिसलाई डकर्मी भनिन्छ । ☐



## चुट्की बजाउँदै साथीसँग मिलेर जुहारी गाउनुहोस् :

पहिलो समूह : भन न भन साथी

खेती गर्छ कसले ?

दोस्रो समूह : सुन है सुन साथी

: तखेती गर्छ किसानले ।

सबै विद्यार्थी : खेती गर्छ कसले ?

खेती गर्छ किसानले ।

पहिलो समूह : भन है मेरो साथी

घर कसले बनाउँछ ?

दोस्रो समूह : सुन है सुन साथी

डकर्मीले बनाउँछ ।

सबै विद्यार्थी : घर कसले बनाउँछ ?

डकर्मीले बनाउँछ ।

पहिलो समूह : भन न भन साथी

लुगा कसले सिलाउँछ ?

दोस्रो समूह : सुन है सुन साथी

सूचीकारले सिलाउँछ ।

सबै विद्यार्थी : लुगा कसले सिलाउँछ ?

सूचीकारले सिलाउँछ ।



## खाली ठाउँ भर्नुहोस् :

| सूचीकार | किसान | डकर्मी |
|---|---|---|

(अ) हामीले खाने खानेकुरा ............... फलाउँनुहुन्छ ।

(आ) हामी बस्ने घर ................. ले बनाउँनुहुन्छ ।

(इ) हामीले लगाउने लुगा .............. ले सिलाउँनुहुन्छ ।



पाठ १९

# साथीको आमाबुवाको फोन नम्बर

तलको चित्र हेर्नुहोस् र चित्रलाई बुझ्ने प्रयास गर्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के देख्नुभयो ? कक्षाकोठामा बताउनुहोस् ।

(आ) तपाईंले मोबाइल फोन देख्नुभएको छ कि छैन ?



## शीला र सरिताबिच फोनमा भएको रमाइलो कुराकानी सुन्नुहोस् :

शीला : हेलो ।

सरिताको ममी : हेलो ।

शीला : को बोल्नुभएको ?

सरिताको ममी : म सरिताको ममी बोलेको । तिमी नि ?

शीला : म शीला । सरिताको साथी ।

सरिताको ममी : ए ।

शीला : सरितालाई फोन दिनुहोस् न ?

सरिताको ममी : हस् ।

सरिता : हेलो, शीला ।

शीला : हेलो, सरिता । के गर्दै छौ ?

सरिता : म त टिभी हेर्दै छु ।

शीला : म पनि ।

सरिता : के हेर्दै छौ ?

शीला : म त कार्टुन हेर्दै छु ।

सरिता : म पनि । हाहाहा ... ।

शीला : ल ल । के गर्दैछौ भनेर गरेको नि । फोन राख्छु ।

सरिता : एकछिन बोल न ।

शीला : ममीले राख्नु रे । धेरै लामो नबोल्नू रे ।

सरिता : ए, ल ल ।



## तलका प्रश्नको उत्तर दिनुहोस् :

(अ) माथिको कुराकानीमा सरिता कोसँग बोल्दैछिन् ?

(आ) सरिता र शीला को हुन् ?

(इ) सरिता र शीला टिभीमा के हेर्दै छन् ?

(ई) तपाईंले पनि तपाईंको साथीलाई कहिल्यै फोन गर्नुभएको छ ?

(उ) तपाईंलाई तपाईंको साथीको फोन नम्बर थाहा छ ?

## तलको चित्रकथा हेर्नुहोस् :

सबैले मलाई मोबाइल फोन भनेर चिन्छन् । तपाईंलाई थाहा छ, आजकाल म सबैको प्यारो भएको छु नि । तपाईं जस्तै साना नानीबाबुले मलाई खुब मन पराउँछन् । रोइरहेका नानीबाबु पनि मलाई देख्नेबित्तिकै खुसी हुन्छन् ।

तपाईंका माता–पिताले पनि मलाई बोक्नुहुन्छ । मैले गर्दा टाढा बसेका मानिससँग पनि बोल्न मिल्ने भएको छ । जे होस् खुसी लाग्छ । म सबैको प्यारो भएको छु ।



# पाठ २० करेन्ट लाग्ला है

## तलको चित्र हेरेर सावधानी अपनाउनुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? साथीलाई सुनाउनुहोस् ।

(आ) तपाईंले कहिल्यै बिजुलीका तारलाई छुनुभएको छ ?

(इ) तपाईंले घरमा अथवा विद्यालयमा बिजुलीका स्विच देख्नुभएको छ ?

(१) सिमानाको विद्यालयमा बिहानी सभा हुँदैछ । यस सभामा आज सिमानाले बोल्दै छिन् । उनी कक्षा २ मा पढ्छिन् । सिमानाले बिहानी सभामा बोलेका कुरा राम्ररी सुन्नुहोस् ।



गुरुबा, गुरुआमा र सबैलाई शुभ प्रभात,

मेरो नाम सिमाना हो । म हाँसपोखरी सदनकी विद्यार्थी हुँ । आज म बिजुलीका बारेमा बोल्छु । बिजुलीबाट बत्ती बाल्न सकिन्छ । टिभी हेर्न सकिन्छ । मोबाइल चार्ज गर्न सकिन्छ । पङ्खा चलाउन सकिन्छ । गाडी कुदाउन सकिन्छ । यसरी बिजुलीबाट धेरै कुरा गर्न मिल्छ ।

तर बिजुली खतरनाक पनि हुन्छ । हामीले यसलाई छोयो भने हाम्रो ज्यान जान सक्छ । त्यही भएर नाङ्गो तारलाई कहिल्यै छुनु हुँदैन । स्विचका प्वालमा औँला घुसाउनु हुँदैन । बिजुलीका खम्बा वरिपरि खेल्नुहुँदैन । यी सबैलाई छुँदा खतरा हुन सक्छ । यति भन्दै बिदा हुन्छु ।

मेरो कुरा सुनिदिनुभएकोमा धेरै धेरै धन्यवाद ।

(यत्तिकैमा सबैबाट परररर ...... ताली बज्छ)



## खाली ठाउँ भर्नुहोस् :

| नाङ्गो | खतरनाक | घुसाउनु | बत्ती |

(अ) बिजुलीबाट ............. बाल्न सकिन्छ ।

(आ) बिजुली .................... हुन्छ ।

(इ) हामीले ................ तारलाई छुनुहुँदैन ।

(ई) स्विचका प्वालमा कहिल्यै औँला .......... हुँदैन ।



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

सुन है सुन
नानी है बाबू
नाङ्गो तार नछुनू,

हुँदैन केही
भनेर कहिल्यै
चकचके नहुनू,

नाङ्गो तार छुँदा
चकचके हुँदा
खतरा हुन्छ है,

नानीबाबूलाई
चोटपटक लाग्दा
आमालाई दुख्छ है,
बाबालाई दुख्छ है,

## ठिक (✓) बेठिक (✗) छुट्याउनुहोस् :

(अ) बिजुलीको नाङ्गो तारमा छुनु राम्रो हो । ☐

(आ) बिजुलीका स्विच बटनमा औँला घुसाउनु राम्रो काम हो । ☐

(इ) बिजुलीको खम्बा वरिपरि खेल्नुहुँदैन । ☐

(ई) करेन्टदेखि सजग हुनुपर्छ । ☐



पाठ २१

# बाटो काट्ने तरिका

तलको चित्र हेर्नुहोस् र बुझ्ने प्रयास गर्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षामा साथीलाई सुनाउनुहोस् ।

(आ) तपाईंले सडकमा सेता धर्सा देख्नुभएको छ ?



## आज असल आफ्ना हजुरबुवासँग कुरा गर्दै छ । असलका कुरा हामी पनि सुनौँ है :

थाहा छ हजुरबुवा, बाटो काट्दा म कहिल्यै हतार गर्दिन नि । बाटो काट्नु अघि कताबाट गाडी आउँदै छ भनेर हेर्छु । गाडीलाई रोक्न हातले इसारा गर्छु अनि मात्र बाटो काट्छु । हिँड्दा पनि सडकको बायाँतिरबाट मात्र हिँड्ने गर्छु । अझ सकेसम्म समूहमा बाटो काट्ने गर्छु । थाहा छ हजुरबुवा, यो सबै मैले स्कुलमा सिकेको नि । अहिले त मैले सडकमा खेल्न पनि छोडेँ ।

गुरुबाले भन्नुभएको, गाडी चलाउनेले पनि बाटामा मानिस देखेपछि बिस्तारै चलाउनुपर्छ रे ! विद्यालय र घरहरू भएका ठाउँमा पनि बिस्तारै सवारीसाधन चलाउनुपर्छ रे !

(असलको कुरा सुनेर असलका हजुरबुवाले उसलाई स्याबासी दिनुभयो ।)

(१) असलले भनेको सुनेर तलका प्रश्नको उत्तर दिनुहोस् ।

(अ) बाटो काट्दा कहिल्यै के गर्नुहुँदैन ?

(आ) बाटो काट्नु अघि के गर्नुपर्छ ?

(इ) सडकमा के गर्नुहुँदैन ?

(ई) कुन बेला गाडी बिस्तारै चलाउनुपर्छ ?

(उ) कुन ठाउँमा बिस्तारै गाडी चलाउनुपर्छ ?



## जोडा मिलाउनुहोस् :





गाडी

सडक

ट्राफिक

पैदलयात्री





(ङ) तलको ट्राफिक लाइट हेर्नुहोस् र तीनओटा रङले भन्न खोजेको कुरा बुझ्नुहोस् । त्यसपछि STOP, WAIT र GO भन्ने खेल खेल्नुहोस् । खेल खेल्न रातो, पहेँलो र हरियो रङको प्रयोग गर्नुहोस् ।



पाठ २२

# आदर-सत्कार

तलको चित्रमा तपाईंले के देख्नुभयो ? हेर्नुहोस् र सिक्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षामा साथी र शिक्षकलाई सुनाउनुहोस् ।

(आ) तपाईंले कोही कसैलाई नमस्ते गर्नुभएको छ ? कसलाई गर्नुभएको छ ?

(इ) तपाईंले कसैलाई ढोग्नुभएको छ ? कहिले कसलाई ढोग्नुभएको थियो ?



## नाम्साम र उसको आमाबिचको संवाद पढ्नुहोस् :

नाम्साम : आमा ! हजुरलाई एउटा कुरा सोध्छु नि ।

आमा : हुन्छ सोध न ।

नाम्साम : मामाघरको हजुरबुवालाई बाबाले नमस्ते गर्नुहुन्छ है ?

आमा : हो त, हजुरआमालाई पनि गर्नुहुन्छ ।

नाम्साम : तर तपाईंले गर्नुहुन्न नि ।

आमा : बाबा त ज्वाइँ हो नि त । (हाँस्दै)

नाम्साम : अनि ?

आमा : ज्वाइँले सासूआमा र ससुराबुवाले नमस्ते गर्ने चलन छ नि त ।





नाम्साम : ए । तपाईंले गर्न मिल्दैन ?

आमा : मिल्छ । किन नमिल्नु । मचाहिँ उहाँहरूको छोरी परेँ नि त । तर, कसै कसैले गर्छन् । म चाहिँ गर्दिन ।

नाम्साम : तपाईंले हजुरबुवा र हजुरआमालाई ढोग्नुहुन्छ हुन्छ क्यारे ।

आमा : हो नि । तिमीले पनि त ढोग्छौ त ।

नाम्साम : बाबालाई मामाघरमा खाना दिनुहुँदा माइजूले सेवा पनि गर्नुहुँदो रैछ । मैले अस्ति देखेको ।

आमा : हाम्रोमा कोही पाहुना आउनुहुँदा यस्तै गर्ने चलन छ । यत्तिकै खाना दिंदा आदर नगरेको ठानिन्छ अनि मैले पनि घरमा आफूभन्दा ठुलालाई खाना दिंदा यस्तै गर्छु

त । तिमीले देखेका छैनौ ?

**नाम्साम** : (ठुस्किँदै) देखेको छु तर हजुरले मलाई गर्नुहुन्न नि त ।

**आमा** : (हाँस्दै) अनि तिमी त मेरो आफ्नै छोरा हौ नि त ।

**नाम्साम** : नाइँ, मलाई पनि गर्नुपर्छ ।

**आमा** : हस् बाबा हस् ।



## तलको खाली ठाउँमा मिल्ने शब्द छानेर भर्नुहोस् :

| ढोग्नु | ठुला | सेवा | नमस्ते |
|---|---|---|---|

(क) नाम्सामको बाबाले उसको मामाघरको हजुरबा र हजुरआमालाई ................ गर्नुहुन्छ ।

(ख) नाम्सामको बाबालाई मामाघरमा खाना दिनुहुँदा माइजूले .............. गर्नुहुन्छ ।

(ग) गाउँघरमा आफूभन्दा ........... लाई खाना दिँदा सेवा गर्ने चलन छ ।

(घ) नाम्साम, नाम्सामका बाबा र आमाले मामाघरको हजुरबुवा र हजुरआमालाई .............. हुन्छ ।



## तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हाम्रोमा पाहुना आउनुहुँदा हामी के गर्छौं ?

(ख) नाम्सामको बाबाले मामाघरको हजुरबुवा र हजुरआमालाई भेट्दा के गर्नुहुन्छ ?

(ग) नाम्साम उसकी आमासँग किन ठुस्केको छ ?





पाठ २३

# पाहुनाको सत्कार

तलको चित्र हेर्नुहोस् । चित्रमा जस्तै आफूले पनि त्यस्तै गर्ने बानी बसाल्नुहोस् :



(अ) माथिको चित्रमा तपाईंले के के देख्नुभयो ? सबै साथीलाई कक्षाकोठामा सुनाउनुहोस् ।

(आ) घरमा आफन्त आउनुहुँदा उहाँहरूलाई तपाईं के गर्नुहुन्छ ?

१. खियामाको घरमा आज आफन्त आउनुभएको छ । खियामा र उनको परिवारले आफन्तसँग गरेको क्रियाकलाप राम्रोसँग हेर्नुहोस् ।

खियामाको घरमा आज पाहुना आउनुभएको छ। उहाँहरू खोटाङबाट आउनुभएको हो । आउनेबित्तिकै खियामाका बाबा र आमाले सेवा/नमस्ते भन्नुभयो । खियामालाई पनि सेवा/नमस्ते भन्न लगाउनुभयो । खियामाले लाज मान्दै र हात जोड्दै सेवा/नमस्ते भनिन् ।

त्यसपछि, खियामाका बाबाले पिर्का र चकटी ल्याउनुभयो । आमाले चाहिँ करुवा र गिलासमा पानी ल्याउनुभयो । बाहिर पिँढीमा बस्दै र पानी पिउँदै उहाँहरू सबैले एकछिन गफ गर्नुभयो । सन्चोबिसन्चो के छ भनेर सोध्नुभयो । खियामालाई पनि पाहुनाले कतिमा पढ्नुहुन्छ भनेर सोध्नुभयो । खियामा चाहिँ लाजले पानी पानी भइन् । एकछिनपछि मात्र कक्षा २ मा पढ्छु भनेर जवाफ दिइन् । यत्तिकैमा खियामालाई पाहुनाले फलफूल दिनुभयो र भन्नुभयो, 'राम्ररी पढ्नुहोस् है ।'

त्यसपछि, सबै जना घरभित्र जानुभयो ।

## पाठ पढेर तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| करुवा | सेवा/नमस्ते | कक्षामा | चकटी |
| --- | --- | --- | --- |

(क) खियामा, खियामाका बाबा र आमाले पाहुनालाई ............. भन्नुभयो ।

(ख) खियामाका बाबा पाहुनालाई पिर्का र ........ ल्याउनुभयो ।

(ग) खियामाका आमाले पाहुनालाई ........... र गिलासमा पानी ल्याउनुभयो ।

(घ) पाहुनाले खियामालाई कति ........... पढ्नुहुन्छ भनेर सोध्नुभयो ।

## तलको वाक्य पढ्नुहोस् र ठिक (✓) बेठिक (✗) छुट्याउनुहोस् :

(क) हामीले पाहुनालाई घृणा गर्नुपर्छ । ☐

(ख) आफूभन्दा ठुलाले भनेको कुरा कहिल्यै मान्नुहुँदैन ।

(ग) शिक्षक–शिक्षिकाले कहिल्यै नमस्ते गर्नुहुँदैन ।

(घ) आमा र बाबाले भन्नुभएको कुरा मान्नुपर्छ ।



## साथी र शिक्षकसँग मिलेर लयमा गीत गाउनुहोस् :

पाहुना आउँदा हामी
साह्रै रमाउँछौँ
सन्चो छ कि बिसन्चो
भनी सोध्ने गर्छौं,

पाहुना हाम्रा आफन्त
आफन्तलाई पुज्छौँ
पाहुना हाम्रा देवता
आदर सत्कार गर्छौं ।

पाठ २४

# सहयोग र सद्भाव

**तलको चित्र हेर्नुहोस् र यसलाई बुझ्ने प्रयास गर्नुहोस् :**



(अ) माथिका चित्रमा तपाईंले के देख्नुभयो ?

(आ) तपाईंले कसैलाई सहयोग गर्नुभएको छ ? अथवा तपाईंलाई कसैले सहयोग गर्नुभएको छ ?

(ख) चासुमले आज सिसाकलम ल्याउन बिर्सेछिन् । उनले आफ्नो मिल्ने साथी आस्थालाई सिसाकलम माग्दा गरेको कुराकानी तल दिइएको छ । उनीहरूको कुराकानी पढ्नुहोस् ।

चासुम : आस्था ! तिमीसँग सिसाकलम छ ?

आस्था : छ । किन र चासुम ?

चासुम : हेर न । आज मैले सिसाकलम ल्याउनै बिर्सेछु । चित्र कोर्नुपर्ने थियो । सिसाकलम नै भएन । त्यही भएर तिमीसँग दुईओटा छ कि भनेर ।

आस्था : म एकचोटि हेर्छु है । दुईओटा छ भने म तिमीलाई एउटा दिन्छु ।

(आस्थाले आफ्नो झोलामा सिसाकलम खोज्छे । खोज्दै जाँदा सिसाकलम भेट्छे ।)

आस्था : रहेछ, रहेछ । अलि छोटो रहेछ । हुन्छ ?

चासुम : समात्न मिल्छ भने भइहाल्छ नि ।

आस्था : लाऊ । हेर त । (आस्थाले सिसाकलम चासुमलाई दिन्छे ।)

चासुम : (लेख्न मिल्ने कि नमिल्ने रहेछ हेर्दै) ए, मिल्ने रहेछ । ल तिमीलाई धन्यवाद है ।

(आस्था मुसुक्क हाँस्छे ।)





## चासुम र आस्थाबिचको कुराकानीको आधारमा ठिक (✓) बेठिक (✗) छुट्याउनुहोस् :

(अ) आज चासुमले कापी ल्याउन बिर्सिइन् । ☐

(आ) चासुम र आस्था मिल्ने साथी हुन् । ☐

(इ) चासुमलाई आस्थाले खाजा दिइन् । ☐

(ई) सिसाकलम छोटो रहेछ । ☐

## तलको चित्रमा रङ भर्नुहोस् :



पाठ २५

# हाम्रा राम्रा बानी

## तलको चित्र हेर्नुहोस् र चित्रलाई मनन गर्नुहोस् :



(अ) तपाईंले चित्रमा के देख्नुभयो ?

(आ) तपाईंले दाँत माझ्नुहुन्छ कि हुँदैन ? तपाईंले कुन कुन बेला दाँत माझ्नुहुन्छ ?

(ख) तलका चित्रमा कुन असल बानी र कुन खराब बानी हुन् छुट्याउनुहोस्। असल बानीलाई ठिक (✓) चिहन लगाउनुहोस् र खराब बानीलाई बेठिक (✗)चिहन लगाउनुहोस् ।













(ग) तपाईंका कुनै तीनओटा राम्रा बानी तल दिइएको खाली ठाउँमा लेख्नुहोस् । यसका लागि बाबा अथवा आमालाई सोध्नुहोस् ।

**मेरा असल बानी**

(अ) .................................................................................. ।

(आ) ................................................................................ ।

(इ) .................................................................................. ।



## जोडा मिलाएर मिल्ने वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| हामीले खाना खाइसकेपछि | बानी | माझ्नुपर्छ । |
| शौचालय गइसकेपछि | दाँत | हात धुनुपर्छ । |
| हामीले जथाभाबी | साबुनपानीले | फाल्नुहुँदैन । |
| ठुलो ठुलो स्वरमा कराउने | फोहोर | राम्रो होइन । |

पाठ २६

# असल मान्छे

**तलको चित्र हेर्नुहोस् र चित्रले के भन्न खोजेको हो पत्ता लगाउनुहोस् :**



(अ) माथिका चित्रमा तपाईंले के देख्नुभयो ? साथी र आफ्नो शिक्षकलाई बताउनुहोस् ।

## तलको चित्रकथा हेर्नुहोस् र राम्रोसँग पढ्नुहोस् :





मिसामको घर काठ र माटाले बनेको छ । घरका भित्तामा ससाना खटप्वालहरू छन् । ती खटप्वालहरूमा भँगेराहरू बस्छन् । खटप्वालमा बस्नका लागि भँगेराहरू तँछाडमछाड गर्छन् । ती प्वालमा भँगेराले गुँड पनि बनाउँछन् र आफ्ना बचेराहरू हुर्काउँछन् ।

एकदिन अचानक खटप्वालबाट भँगेराको एउटा बच्चा खस्यो । भँगेराको बच्चाको जिउमा अलि अलि प्वाँख पलाएका थियो । त्यो सानो बच्चा चिरर चिरर कराइरहेको थियो । आफ्नो बचेरालाई देखेर माउ भँगेरा पनि चिरर चिरर कराइरहेका थिए । सानो

भँगेरा उड्न सक्दैनथ्यो । यत्तिकैमा त्यो सानो भँगेरालाई कुखुराले ठुँगिदियो । त्यही बेला मिसामले देख्यो र कुखुरालाई धपाइदियो । उनले भँगेराको बच्चालाई टिपेर बाबालाई दियो र उसको बाबाले बचेरालाई उसकै गुँडमा राखिदिनुभयो । त्यसपछि मिसामलाई बाबाले स्याबासी दिनुभयो र भन्नुभयो, "मेरो छोरा साह्रै असल छ ।"



## तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मिसामको घर केले बनेको छ ?

(ख) मिसामको घरको भित्ताका प्वालमा कुन चराले गुँड बनाएको छ ?

(ग) खटप्वालबाट अचानक के खस्यो ?

(घ) सानो भँगेरालाई केले ठुँग्यो ?

(ङ) मिसामले भँगेराको बच्चा कसलाई दियो ?

(च) मिसामलाई उसका बाबाले किन स्याबासी दिनुभयो ?

(छ) मिसामका बाबाले मिसामलाई के भन्नुभयो ?



## लय मिलाएर गीत गाउनुहोस् :

सबैले भन्छन्
ठुलो मान्छे हुनू
धेरै पढी लेखी
चन्द्रमालाई छुनू,
सबको कुरा सुन्छु
र मनमनै गम्छु
सानो ठुलो होइन
असल मान्छे हुन्छु ।



## तलका शब्द प्रयोग गरेर वाक्य बनाउनुहोस् :

(अ) ठुलोः ........................................................ ।

(आ) चन्द्रमाः ................................................... ।

(इ) असलः ....................................................... ।

पाठ २७

# हाम्रो पोषिलो खाना

तलका चित्र हेर्नुहोस् र ती पोषिला खानेकुरालाई चिन्ने प्रयास गर्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षामा सबैलाई सुनाउनुहोस् ।

(आ) तपाईंले मनपर्ने कुनै फलफूल, दुधका परिकार वा खानेकुराको नाम भन्नुहोस् ।

## तलका चित्र हेर्नुहोस् र मिल्नेसँग जोडा मिलाउनुहोस् :



















## तलका खाली कोठाहरू भर्नुहोस् :

### हरिया सागसब्जी

......................

......................

......................

......................

......................

......................

### फलफूल

......................

......................

......................

......................

......................

......................

### दुधका परिकार

......................

......................

......................

### अन्न

......................

......................

......................

......................

### गेडागुडी

......................

......................

......................

......................

पाठ २८

# निद्रा

तलको चित्र हेर्नुहोस् र चित्रलाई बुझ्ने प्रयास गर्नुहोस् :



(अ) माथिका चित्रमा तपाईंले के देख्नुभयो ?

(आ) तपाईंलाई कुन बेला निद्रा लाग्छ ?

(इ) बिहान उठ्दा आफैँ ब्युँझनुहुन्छ कि अरूले ब्युँझाउनुहुन्छ ?



## साङ्केन र साङ्केनकी आमाबिचको कुराकानी सुन्नुहोस् :

**साङ्केन** : आमा ! हामी किन सुत्छौँ ?

**आमा** : तिमीलाई थाहा छैन ?

**साङ्केन** : अहँ, थाहा छैन नि ।

**आमा** : हाम्रो शरीरलाई आराम चाहिन्छ । त्यसैले हामी सुत्छौँ ।

**साङ्केन** : शरीरलाई किन आराम चाहिन्छ नि ?

**आमा** : शरीरलाई आराम दिएन भने शरीर थाक्छ नि त ।

**साङ्केन** : हो र ?

**आमा** : हो त नि त, हाम्रो आँखाले दिनभरि विभिन्न वस्तु हेर्छ । कानले विभिन्न कुरा सुनिरहेका हुन्छन् । यसरी अरूले पनि आआफ्नो काम गरिरहेको हुन्छ । काम गर्दागर्दै उनीहरू थाक्छन् । त्यसैले, हामी सुत्नुपर्छ र निदाउनुपर्छ ।

**साङ्केन** : ओहो, निदाउनु पनि धेरै राम्रो पो रहेछ है ।

आमा : हो त नि । राम्रोसँग निदाउन सक्यो भने हाम्रो शरीर फुर्तिलो हुन्छ। त्यही भएर मैले तिमीलाई धेरै अबेरसम्म कार्टुन नहेर्नु भनेको ।

साङ्केन : मलाई थाहा थिएन नि त । अबदेखि म बेलैमा सुत्छु ।

आमा : हामीलाई मात्र होइन, सबै जीवजन्तुलाई आराम चाहिन्छ । त्यही भएर ती सबै एक समय सुत्छन् र निदाउँछन् ।

साङ्केन : आहा ! निदाउनु पनि कस्तो राम्रो कुरा रहेछ ।



## तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) हामी किन सुत्नुपर्छ ?

(ख) शरीरलाई आराम दिएन भने के हुन्छ ?

(ग) राम्रोसँग निदाउन सक्यो भने के हुन्छ ?

## ठिक (✓) बेठिक (✗) छुट्याउनुहोस् :

(क) राति अबेरसम्म मोबाइल, टिभी हेरेर बस्नुपर्छ । ☐

(ख) राम्ररी निद्रा पुगेन भने हाम्रो शरीर थाक्छ । ☐

(ग) शरीरका सबै अङ्गलाई आराम चाहिन्छ । ☐

(घ) जीवजन्तु पनि मानिसजस्तै निदाउने गर्छन् । ☐



## साथीसँग मिलेर गीत गाउनुहोस् ।

सुत्नू बेलैमा
उठ्नू बेलैमा,

सुत्दा आराम पाउँछ
सारा जिउज्यानले
निदाउँदा फुर्सद पाउँछ
हाम्रा आँखा, कानले,

चराले बास खोज्दा
सुत्न जाने गर्नू
भुर्र चरा ब्युँझेसँगै
आफू पनि उठ्नू,

सुत्नू बेलैमा
उठ्नू बेलैमा ।